जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ अंकः- २४ २०८२ साल साउन २९ बिहिवार ( Aujust 14, 2025) पृष्ठ संख्याः- ४ मुल्य रु : ५।-

## कैलालीमा वर्षाले घर डुबान हुँदा वादी समुदाय बिचल्लीमा

रासस

२९ साउन २०८२



कैलाली: कैलालीमा वर्षाले घर डुबान हुँदा वादी समुदाय बिचल्लीमा परेका छन् ।

जिल्लाको लम्की चुहा नगरपालिका-३ बल्चौरमा बसोबास गर्दै आएको वादी समुदायका घर डुबानमा पर्दा बिचल्ली भएको छ । वादीका १२ घर डुबानमा पर्दा घरपरिवारका सदस्यहरू आफन्त र छिमेकीको घरमा आश्रय लिएका छन् । घरमा पानी पसे पनि कतिपय परिवार आफ्नै घरमा बसेका छन् ।

सो क्षेत्रमा ७१ परिवार वादीका छन् । घरमा पानी पसेपछि खाना पकाउन र शौच गर्न समस्या भइरहेको गुनासो उनीहरूको छ ।

काठको सानो कच्चीघरमा बस्दै आएकी ३३ वर्षीया रीमादेवी वादी डुबानकै कारण घरमा एक हप्तादेखि चुलो बाल्न नसकेको बताउँछिन् उनले भनिन्, 'घर वरिपरिको जमेको पानीमा सर्प हिँडिरहन्छन्, छोरालाई एक्लै घर मा छोडेर कतै काममा पनि जान सकेकी छैन ।' उनका श्रीमान्को केही महिनाअघि नजिकै रहेको रानीजमरा कुलरिया सिँचाइ आयोजनको नहरमा डुबेर मृत्यु भएको थियो। श्रीमान्को निधनपछि रीमा दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्दै आएकी छन । उनले भनिन्, 'नहरमा डुबेर श्रीमान्को मृत्युपछि अहिले आफू सहाराविहीन छु, तीन छोराछोरी पालेर बसेकी छु ।' वर्षा भएपछि घर डुबानमा पर्ने र छाना पनि चुहिने समस्याले थप समस्या झेल्नु परेको अर्की महिला शान्ता वादीले बताउँछिन् । उनको घर परिसर वर्षाको पानी जम्दा भान्सा पनि पूरै पानी भरिएको छ ।'हजुर साह्रै दु:ख पाइयो, न खाना पकाउने ठाउँ छ, न शौच गर्ने ठाउँ । कतिखेर साना बच्चा पानी डुब्ने हुन भन्ने चिन्ताले सताइर हन्छ ।' उनले भनिन् । सरकारले बनाइदिएको कच्ची घरमा बस्दै आएका आफूहरूलाई यति बेला घर डुबानमा पर्दा समस्या हेरिदिने कोही नपाइएको अर्की महिला गजगी वादीको गुनासो छ ।


उनले भनिन्, 'घर निर्माण गरिदिएर सरकारले राम्रो काम गरेको छ, तर पानी निकास हुने व्यवस्था नगर्दा डुबानको समस्या झेल्नुपर्यो, घरभित्रको खाद्यान्न र लत्ताकपडा भिजेर क्षति पुग्ने गरेको छ।' घर डुबानमा परेपछि विपन्न वादी समुदायका कुनै पनि व्यक्ति केही दिनदेखि दैनिक मजदुरीमा जान सकेका छैनन् । मजदुरीमा जान नपाएर आफूहरूलाई बालबच्चाको बिहान साँझको छाक टार्न समस्या भएको अर्का अर्जुन वादीले भने। पूर्वपश्चिम राजमार्ग छेउमै रहेको यो बस्ती वर्षायामसँगै बर्सेनि डुबानमा पर्ने गरेको छ । बस्तीमा पानी निकासको व्यवस्था गरिए पनि त्यसले काम नगरेको उनीहरूको भनाइ छ । बस्तीमा रहेका रुख यसै वर्ष हटाइएपछि हावाहुरीको समयमा हुनसक्ने जोखिमको त्रासबाट मुक्ति पाइए पनि पानी निकासको व्यवस्था गरिएको छैन । उनीहरूले डुबानको समस्या समाधानका लागि सरकारलाई अनुरोध गरेका छन् । रमा वादीले भनिन्, 'यो वर्षमा मात्र यसै बस्तीका दुई बालबालिकासहित चार जनाले नहरमा डुबेर ज्यान गएको छ, वर्षाले घर डुबानमा पर्ने र नजिकै रानीजमरा कुरिया सिँचाइ आयोजनाको नहरमा मान्छे डुबेर मर्ने, बस्तीका लागि यो जोखिम देखियो 'विसं २०६४ देखि सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट यो क्षेत्रमा बसाइसराइ गरेका वादी समुदायका ७१ परिवारको बसोबास छ ।

भूमिहीन वादीका परिवारलाई सरकारले सोही क्षेत्रमा जग्गा उपलब्ध गराएर १४३ वटा सुरक्षित आवास (घर) निर्माण गरिदिएको छ । उक्त बस्तीका ३३ घरपरिवार मात्रै सुरक्षित आवास (घर) निर्माण गर्न बाँकी रहेको जनाइएको छ ।

## प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेकी सम्झनाको दुःखद अन्त्य, चार जनामाथि मुद्दा

बिगुल समाचार

२९ साउन २०८२



कञ्चनपुर । करिब चार वर्ष लामो प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेकी कञ्चनपुरकी १८ वर्षीया सम्झना भट्टको असामयिक मृत्युले सम्पूर्ण समुदाय स्तब्ध बनेको छ । उनको निधनले केवल एक परिवार होइन, सम्पूर्ण समाजलाई घरेलु हिंसा, दाइजो प्रथा र महिला सुरक्षा सम्बन्धी गम्भीर प्रश्नहरूको सामु उभ्याएको छ। भीमदत्त नगरपालिका-६ निवासी सम्झना १२ कक्षामा अध्ययनरत थिइन् । उनका श्रीमान् पवन भट्ट बेलडाँडी गाउँपालिका-२ निवासी हुन् र स्नातक तहमा अध्ययन गर्दै थिए । पढाइका क्रममा पवन महेन्द्रनगर स्थित सम्झनाको घर नजिकै कोठा लिएर बस्दै आएका थिए । यही क्रममा दुवैबीचको चिनजान क्रमशः गहिरो प्रेममा बदलियो र दुवै परिवारको सहमतिमा २०८१ साल फागुनमा विवाह सम्पन्न भयो ।

तर, विवाहको केवल ६ महिनामै साउन २० गते आफ्नै घरको कोठामा सम्झना झुण्डिएको अवस्थामा फेला परिन् । मृत्युको भोलिपल्ट मात्र उनले मोबाइलमार्फत माइतीलाई पठाएको सन्देश सार्वजनिक भयो ।

"मलाई यहाँ पिटेको छ,<br>टाउकोमा रगत धेरै बगिरहेको छ,<br>म अब मर्छु होला ।"

सम्झनाको माइती पक्षका अनुसार विवाहपछि केटा पक्षले दाइजोको कुरा बारम्बार उठाउने, मानसिक तनाव दिने र पारिवारिक कलह गराउने काम सुरु भयो । सम्झनाले पनि आफ्ना पीडा माइतीलाई पटक-पटक बताएकी थिइन् । घटना हुनुभन्दा अघिल्लो दिन मात्रै प्रहरीको मध्यस्थतामा सम्झना र पवनलाई इलाका प्रहरी कार्यालयमा बोलाएर काउन्सिलिङ गरिएको थियो, तर त्यो प्रयास पनि उनको जीवन बचाउन सफल भएन ।

घटनापछि सम्झनाका बुबाले प्रहरीलाई एक अडियो उपलब्ध गराए, जसमा पवनकी दिदीले सम्झनालाई "मार्ने" उक्साहट दिएको सुनिन्छ भन्ने आरोप लगाइएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी सागर बोहराका अनुसार उक्त अडियोको प्राविधिक परीक्षण भइरहेको छ ।

सम्झनाका बुबाले आफ्नी छोरीलाई आत्महत्या गर्न बाध्य पारेको भन्दै श्रीमान् पवन भट्ट, ससुरा, सासू र दिदिसासु (श्रीमानको दिदि) विरुद्ध किटानी जाहेरी दर्ता गरेका छन् । प्रहरीले चारै जनालाई पक्राउ गरी अदालतबाट म्याद थप गर्दै अनुसन्धान अघि बढाएको छ ।

सम्झनाको शवको पोस्टमार्टम भइसकेको भए पनि विस्तृत रिपोर्ट अझै आइसकेको छैन । यद्यपि, 'शव जाँच मुचुल्का'मा उनको शरीरमा चोटपटकको विवरण उल्लेख छ, जसले घटनालाई अझै शंकास्पद बनाएको छ । यो घटनाले पुनः के देखाएको छ भने दाइजोको माग, घरेलु हिंसा र पारिवारिक मानसिक यातनाबाट धेरै महिलाहरू अझै सुरक्षित छैनन् । समाजका हरेक तहबाट दाइजो प्रथाविरुद्ध आवाज उठाउँदै महिलाको हक र जीवनको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता फेरि एकपटक प्रष्ट भएको छ ।

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>भद्रपुर, डडेल्धुरा

## जनहितमा जारी सन्देश

भू-क्षयले जमिन नाङ्गो बनाउँछ, उर्वरता घटाउँछ र बस्ती जोखिममा पार्छ। आउनुहोस्, वृक्षारोपण र उचित भूमि व्यवस्थापन गरी यसलाई रोकौं, भावी पुस्ताका लागि धर्ती जोगाऔं।

सुदुरपश्चिम प्रदेश सरकार<br>उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय<br>वन निर्देशनालय<br>भू तथा जलाधार व्यवस्थापन कार्यालय<br>डडेल्धुरा

## जनहितमा जारी सन्देश

- नदी, खोल्सो र नालाको किनारबाट टाढा रहनुहोस्।
- पहिरोको सम्भावना भएको ठाउँमा नजानुहोस्।
- सडकमा पानीको बहाव बढी भएको ठाउँ पार गर्न प्रयास नगर्नुहोस्।

परशुराम नगरपालिका<br>वडा नं. १ को कार्यालय<br>डडेल्धुरा

# सम्पादकीय

## चाडपर्वको उल्लासमा जुवातासको कुसंस्कारः रोकथामको आवश्यकता

नेपालका चाडपर्वहरू सांस्कृतिक विविधता, सामूहिक खुशी र आत्मीयताको प्रतीक हुन् । नयाँ वर्ष, तिज, गौरापर्व, जनै पूर्णिमा, दशैँ, तिहार, फागु, उभौली उधौली पवर्व लगायत विभिन्न जातजातीहरूले मनाउने आफ्ना मैलिक पर्वहरूले पारिवारिक मेलमिलाप र सामाजिक सद्भावलाई मजबुत बनाउने अवसर दिन्छन् । तर पछिल्ला वर्षहरूमा यी पर्वहरूमा एउटा नकारात्मक चलन अझ बढी मौलाउँदै गएको छ त्यो हो जुवातास । चाडपर्वको नाममा यसलाई “रमाइलो” वा “संस्कार”को रूपमा सामान्यीकरण गर्न खोज्ने प्रवृत्तिले समाजमा अनेक समस्या निम्त्याइरहेको छ ।

जुवातासले समाजमा पार्ने असर केवल आर्थिक क्षतिमा मात्र सीमित छैन । यसले पारिवारिक विग्रह, घरेलु हिंसा, आपसी अविश्वास र सामाजिक विभाजनलाई बढावा दिन्छ । पर्वको नाममा रातभरी चल्ने जुवा-तासले मदिरा सेवन, झगडा र हुलदंगा निम्त्याउँछ, जसको प्रत्यक्ष मार महिलामाथि शारीरिक तथा मानसिक हिंसा, बालबालिकामाथि बेवास्ता र वृद्धहरूमा तनावको रूपमा पर्छ । धेरै परिवारहरूमा आर्थिक संकटको प्रमुख कारण पनि यिनै पर्व अवधिमा हुने जुवा र दाउ-पाँचा हुन् । ऋण लिएर दाउ खेल्ने, घर-जग्गासम्म गुमाउने घटना असामान्य होइन ।

जुवातासलाई सांस्कृतिक पर्वसँग जोड्नु घातक सोच हो । संस्कार भनेको सकारात्मक मूल्य र आचरण हो, जसले समाजलाई एकतामा बाँध्छ; तर जुवातासले त उल्टो वैमनस्य र ईर्ष्या फैलाउँछ । पर्वको समयमा “साथीभाइसँग बस्ने बहाना”मा खेलिने जुवा अन्ततः आपसी सम्बन्ध बिगार्ने, नजिकका साथीलाई शत्रु बनाउने र आर्थिक असमानतालाई अझ गहिरो बनाउने कारण बन्छ । यसले युवापुस्तालाई गलत लततर्फ आकर्षित गर्छ, पढाइ-रोजगारीमा असर पार्छ र नैतिक पतन निम्त्याउँछ ।

यस कुसंस्कारको न्यूनीकरणका लागि बहुआयामिक उपाय आवश्यक छन् ।

पहिलो, कानुनको कडाइ । मुलुकी अपराध संहिता र अन्य कानुनी व्यवस्थाले जुवा-तासलाई गैरकानुनी मानेको भए पनि पर्वको नाममा यसलाई खुला छुट दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । प्रहरी प्रशासनले पर्व अवधिमा विशेष निगरानी राखी ठूला जुवा-तास केन्द्रहरूमा छापा मार्ने र कानुन उल्लंघन गर्नेहरूलाई दण्डित गर्नुपर्छ ।

दोस्रो, सामाजिक दबाब सिर्जना । स्थानीय टोल विकास समिति, आमा समूह, युवा क्लब र धार्मिक/सांस्कृतिक संस्थाहरूले जुवातासविरुद्ध सामूहिक प्रतिबद्धता जनाउनुपर्छ । “जुवारहित पर्व” अभियान चलाउन सकिन्छ, जसअन्तर्गत रमाइलोका लागि वैकल्पिक गतिविधि जस्तै खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, सामूहिक भोज र मेलापातको आयोजना गरिनुपर्छ ।

तेस्रो, चेतना अभिवृद्धि । विद्यालय, कलेज र मिडियाले जुवातासको सामाजिक र पारिवारिक क्षतिको बारेमा निरन्तर सन्देश फैलाउनुपर्छ । अभिभावकहरूले सन्तानलाई सानैदेखि जुवातासको नकारात्मक असर बुझाउनुपर्छ ।

चौथो, पारिवारिक संवाद र अनुशासन । पर्वमा आर्थिक सीमा निर्धारण गर्ने, समय व्यवस्थापन गर्ने र परिवारसँग मिलेर सकारात्मक गतिविधिमा संलग्न हुने अभ्यास विकास गर्नुपर्छ ।

चाडपर्वको उद्देश्य आत्मीयता, सहयोग र खुशी बाँड्नु हो, सम्पत्ति गुमाउनु वा सम्बन्ध बिगार्नु होइन । जुवातासले क्षणिक रमाइलो दिन सक्छ तर दीर्घकालीन पीडा र पछुतो मात्र बाँकी रहन्छ । यसलाई “संस्कार” भन्ने भ्रमबाट मुक्त भई हामीले यसलाई पूर्ण रूपमा अस्वीकार गर्नुपर्छ ।

अब समय आएको छ हामी सबै मिलेर चाडपर्वको मौलिकता जोगाउने, जुवातास जस्तो कुसंस्कार उन्मूलन गर्ने र समाजमा अमन-चयन कायम राख्ने सामूहिक संकल्प गर्ने । त्यो संकल्पले मात्र हाम्रा पर्वलाई साँच्चिकै खुशी, सद्भाव र सांस्कृतिक गौरवको प्रतीक बनाउन सक्छ ।

सदावाहाररूपमा सहर बजारमा खेलिने जुवातासलाई पूर्ण रूपमा प्रतिवन्ध लगाउनु पर्ने हुन्छ । कडा भन्दा कडा कानुनी कार्वाही गर्नु पर्छ जुवा तास समाजको अफिम हो यसलाई रोक्नु पर्छ ।

# रवि लामिछाने कैदीबन्दी कि राजबन्दी ?

नेपालको राजनीतिमा अपराधलाई राजनीतिकरण गर्ने प्रवृत्ति बढ्दै गएको छ, जसले अपराध र न्यायबीचको सीमालाई धमिलो बनाउँदै लोकतान्त्रिक मूल्यलाई कमजोर पारिरहेको छ!



अन्जु कार्की
www.lalbigul.com

देशभर यतिबेला करिब २७ हजार नागरिक कारागारमा रहेको गृह मन्त्रालयको तथ्यांक छ । जसमध्ये भैरहवा कारागारमा रहेका रवि लामिछाने विशेष चर्चामा छन् ।

एक साताअघि पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले भैरहवा कारागार पुगेर लामिछानेसँग भेटवार्ता गरेका थिए । भेटवार्तापछि उनले सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै जनताको प्रतिनिधिलाई जमानतमा बाहिरै रहेर मुद्दा फेस गर्न दिनुपर्ने बताएका थिए । उनको भनाइ थियो, ‘जनताको प्रतिनिधिको रूपमा रहेको मान्छे भागेर सुख पाउँदैन भन्ने कुरा अनुमान गरेर जमानतमा बाहिर रहेर मुद्दा फेस गर्ने व्यवस्था गर्नुपर्थ्यो ।’

यति मात्रै होइन कारागारभित्र लामिछानेलाई न्यूनतम मानवीय सुविधा पनि नदिइएको दाबी गरेका थिए । डा. भट्टराईको भनाइ थियो, ‘उहाँलाई पत्रपत्रिका ल्याएर पनि दिइँदो रहेनछ । हामी पञ्चायतको पालामा जेल बस्दा पनि पत्रपत्रिका पढ्ने गर्थ्यौं । सोध्दा त्यस्तो आदेश छैन भनियो । सूचनाबाटचाहिँ वञ्चित गर्न हुँदैनथ्यो । जेल भनिसकेपछि त खुल्ला ठाउँहरू हुन्छ । भेटघाट गर्ने, कुराकानी गर्ने अवसर पनि हुन्छ । एकल राखेको उचित जस्तो मलाई लागेन । म माथि सम्बन्धित ठाउँमा भनौंला ।’

भैरहवा कारागारमा पुगेर लामिछाने भेट्ने राजनीतिकर्मीमध्ये डा.भट्टराई पहिलो होइनन् । लामिछाने स्वयं सभापति रहेको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूले यस अघिदेखि नै कारागार पुगेर बाक्लै भेटघाट गर्ने गरेका छन् । एक हिसाबले कारागारबाटै लामिछानेले पार्टी हाँकिरहेका छन् । तर यसअघि लामिछानेलाई नियमित जस्तै भेटघाट गर्ने गरेका रास्वपाका नेताहरूले न्यूनतम मानवीय सुविधा नदिइएको, पत्रपत्रिका पढ्न नदिइएको, थुनिएको कोठा उपयुक्त नभएको कुरा कहिल्यै बाहिर ल्याएनन् ।

डा.भट्टराईको दाबीलाई आधार मानेर एक दैनिक पत्रिकाले लामिछानेको पक्षमा लामै आलेख प्रकाशित गर्‍यो । त्यसको पर्सिपल्टै अर्को दैनिक पत्रिकाले लामिछानेलाई उच्च भौतिक सुविधासहित वातानुकुलित फराकिलो कोठाको प्रबन्ध गरिएको दावीसहित झन् लामो आलेख प्रकाशित गर्‍यो । परस्पर बाझिएका यी दुवै दैनिक पत्रिकाका आलेखहरूले निश्चय पनि नेपाली पत्रकारिताको विश्वासमाथि आँच पुर्‍याएको छ । सत्यतथ्यका आधारमा भन्दा राजनीतिक आग्रह तथा पूर्वाग्रहका आधारमा समाचारमूलक सामग्री आउनु भनेको पत्रकारिता क्षेत्रमाथि नै आँच आउनु हो ।

हुन त उनी मुछिएको सहकारी ठगीको मुद्दालाई लिएर समेत देशको जनमत विभक्त छ । एकथरीले ठगी प्रकरणमा उनको संलग्नतालाई पत्याएका छन्, अर्काथरीले प्रतिशोध लिइएको भनिरहेका छन् । लामिछानेलाई यातनाका साथ राखिएको छ, या हाइ प्रोफाइलको बन्दीले पाउने सुविधा दिएर राखिएको छ ? भन्ने सन्दर्भमा मिडियाले गरेका रिपोर्टिङलाई पाठकले विश्वास गरिहाल्ने आधार देखिएन । परस्पर बाझिने यस्ता कुराहरूले आममानिसमा तथ्य के हो भन्ने चासो छ । यही सेरोफेरोमा भरखरै संवैधानिक अंग राष्ट्रिय मानवअधिकार आयोग स्वयंले भैरहवा कारागर पुगेर स्थलगत अध्ययन गरेको छ ।

सोमबार राष्ट्रिय मानवअधिकार आयोगकी आयुक्त लिली थापा, आयोगका लुम्बिनी कार्यालय प्रमुख हरि ज्ञवालीसहितको टोली रूपन्देही कारागार पुगेका हुन् । सभापति लामिछाने भैरहवास्थित कारागारमा गत २२ चैतदेखि थुनामा छन् । आयोगको स्थलगत अध्ययनअनुसार भैरहवा कारागारको क्षमता २५० जना कैदीबन्दी अटाउने हो, तर यतिबेला ५९१ जना कैदीबन्दी राखिएका छन् । लामिछानेका लागि ४०० वर्गफिट क्षेत्रफलको अलग्गै ब्लकको कोठा व्यवस्था गरिएको छ । ट्वाइलेट वाथरुमभित्रै छ । कोठामा कार्पेटको व्यवस्था गरिएको छ, डबल बेडको पलङ छ । कुर्सी र टेबुल नयाँ छन् । रेडियो उनको साथमै छ । उनले चाहेमा पत्रपत्रिका किन्न सक्ने जेल प्रशासनको भनाइ रहेको आयोगले जनाएको छ ।

मानव आयोगको भनाइ उदृत गर्दै मिडियामा आएका समाचारलाई रास्वपाले खण्डन गरेको छैन । त्यसैले यो समाचारलाई धेरै हदसम्म विश्वसनीय मान्न सकिन्छ । आयोगको यो भनाइलाई आधार मान्ने हो भने भैरहवा कारागारभित्र लामिछानेको भन्दा अन्य कैदीबन्दीहरूको मानवअधिकार हनन् भएको स्पष्ट हुन्छ । किनकी २५० जना क्षमता भएको कारागारमा ५९० जना कैदीबन्दी राखिँदा अवश्य पनि साँघुरो भएको हुनुपर्छ ।

सामान्यतया कारागारभित्र १ जना कैदीबन्दी सुत्न बस्नका लागि ८० वर्गफिट ठाउँको स्टमेटका आधारमा पूर्वाधार निर्माण गरिएको हुन्छ । त्यही आधारमा भैरहवा कारागारको क्षमता २५० कैदी बन्दी रहेको भनिएको हो ।

५९० कैदीबन्दी राख्दा १ जनाको भागमा ४० वर्गमिटिर भन्दा कम ठाउँ उपलव्ध हुनु स्वभाविकै हो । तर लामिछाने एक्लैका लागि ४०० वर्गमिटरको कोठा उपलव्ध गराइएको कुरा मानवअधिकार आयोग स्वयंले देखेर आएको छ । यसैगरी सामान्यतया १० जना कैदीबन्दी बराबर एउटा शौचालयको प्रबन्ध गरिएको हुन्छ । यद्यपि भैरहवा कारागारमा २२ जना कैदीबन्दी बराबर एउटा शौचालय रहेको देखिन्छ । तर लामिछानेको हकमा भने अलग्गै शौचालय तथा स्नान कक्षको व्यवस्था गरिएको मानवअधिकार आयोग स्वयंले देखेको छ । तर, एक दैनिक पत्रिकाले प्रकाशित गरेजस्तो वातानुकुलित कक्षको व्यवस्था भएको भने आयोगले फेला पारेन ।

त्यसो त डा.भट्टराईले लामिछानेलाई अमानवीय रूपमा राखिएको ‘समाचार’ मिडियामा प्रवाह गरे लगत्तै रूपन्देही कारागारले विज्ञप्ति निकालेर ‘अन्य सामान्य कैदीहरूले पाउने सेवा सुविधामा विभेद नगरीकन उहाँ (रवि लामिछाने) लाई पनि यस कार्यालयले सेवा सुविधा उपलब्ध गराउँदै आएको छ’ भनेको थियो । तर राष्ट्रिय मानवअधिकार आयोगको भनाइलाई आधार मान्ने हो भने उनलाई अरू कैदीबन्दीभन्दा कैयौं गुणा बढी सेवा सुविधाका साथ राखिएको स्पष्ट हुन्छ ।

सामान्यतया मध्यम वर्गका नेपालीहरूले आफ्नो घरमा प्रयोग गर्ने कोठाको क्षेत्रफल १०० देखि १५० वर्गफिट हुन्छ । एट्याच शौचालय हुँदैन । वातानुकुलित पनि हुँदैन । लामिछाने रहेको एट्याच शौचालय भएको ४०० वर्ग मिटरको कोठालाई आम नेपालीको जीवनशैलीको हकमा नकरात्मक रूपमा लिन मिल्दैन ।

पूर्वप्रधानमन्त्री डा.भट्टराईले पञ्चायतकालको जत्तिको पनि सुविधा नदिइएको दावी केको आधारमा गरेका हुन् ? भन्ने स्पष्ट हुन सकेको छैन । यदि, राजबन्दीहरूले जेलमा पाउनुपर्ने सुविधालाई तुलना गरेका हुन् भने उनको भनाइलाई स्वभाविक रूपमा लिनुपर्छ । पञ्चायतकालमा सबैभन्दा लामो समय जेल बसेका मध्ये अपदस्थ प्रधानमन्त्री बिपी कोइराला र अपदस्थ सभामुख कृष्णप्रसाद भट्टराई सबैभन्दा ‘हाइप्रोफाइल’का हुन् ।

मन्त्रीहरूलाई पनि हाइ प्रोफाइलकै रूपमा लिने गरिन्छ । त्यतिबेला हाइ प्रोफाइलका राजबन्दीहरूलाई राखिएको सुन्दरीजल जेललाई अहिले बिपी संग्रहालय बनाइएको छ । संग्रहालयको अवलोकन सबैका लागि खुला छ ।

यति भन्दै गर्दा लामिछाने राजबन्दी हुन् कि होइनन् ? भन्ने हेक्का डा.भट्टराई जत्तिको नेता तथा मूलधारको पत्रकारिता गरेको दावीकर्ताहरूले राख्नै पर्छ । अपराधको शैली तथा जघन्यता फरक होला, कारागारमा राखिनुपर्ने कारणका कानुनी आधारहरू फरक होलान, तर मोहम्मद अफ्ताव आलम र पूर्वउपप्रधानमन्त्री लामिछाने दुबै जना राजबन्दी होइनन् ।

भ्रष्टाचारको अभियोगमा कारागार बसेको व्यक्तिलाई राजबन्दी भनिँदैन । यदि लामिछाने राजबन्दी हुन् भने अहिले भद्रबन्दीगृहमा रहेका टोपबहादुर रायमाझी पनि राजबन्दी नै हुन् । तर रायमाझीको हकमा एमालेका कार्यकर्ताहरू अन्याय भयो भन्दै कुर्लेको देखिएको छैन । रायमाझी स्वयं पनि अदालतले न्याय दिलाउने प्रतीक्षामा शालीनताका साथ बसिरहेका छन् । केही दिनअघि एक अनलाइन मिडियाले रायमाझीलाई भेटेरै लामो समाचार बनाएको थियो । तर कारागारभित्र उपलव्ध सुविधाप्रति उनले गुनासो गरेको उल्लेख उक्त समाचारमा आएको छैन ।

गणतन्त्र स्थापनायताको अवधिलाई हेर्ने हो भने भ्रष्टाचार तथा जघन्य अपराधको आरोपमा कारागार पुगेका पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्रीहरूको संख्या निकै ठुलो छ । तर, उनीहरूले कहिल्यै पनि कारागारभित्रको सेवा सुविधा तथा देशको कानुनी प्रक्रियालाई चुनौती दिएनन् । उनीहरू आवद्ध पार्टीका कार्यकर्ता तथा निकट मिडियाहरूले पनि कहिल्यै मुद्दा बनाएको देखिएन, सुनिएन । तर लामिछाने तथा उनको पार्टी रास्वपा यो मामिलामा पृथक रह्यो । कारागारभित्र पुग्नु भनेको लामिछाने तथा रास्वपाका लागि किन ठुलो कुरा भयो ? भन्ने प्रश्नको पनि छुट्टै पाटो छ ।

किनकी लामिछाने जनअधिकार प्राप्तिको कठोर संघर्षबाट उदाएका नेता होइनन् । जनताले आफ्नो अधिकार बहालीका लागि संघर्ष गर्दैगर्दा लामिछाने बेखबर थिए । जनअधिकार उनका लागि चासोको कुरा थिएन । उता जनअधिकारका लागि धेरै नेताहरू जेल गए । अनेक यातना सहे । पञ्चायतकाल तथा शाही शासनकालका कठिन घडीमा जेल गएका नेताहरू एक हिसाबले जनताको नजरमा सम्मानित छन् ।

जेल बसे बापतको ब्याज नखाँदासम्म उनीहरूको सम्मान निकै माथि थियो । तर लामिछानेको हकमा त्यो अवसर छुट्यो । रास्वपाका सभापति लामिछाने सहकारी ठगी प्रकरणमा तुलसीपुर उच्च अदालतको बुटवल इजलासको आदेशअनुसार पुर्पक्षका लागि रूपन्देही कारागारभित्र छन् । यो भ्रष्टाचारको अभियोग हो । तर यो कारागार बसाइँमार्फत उनी राजबन्दीका रूपमा स्थापित हुन चाहन्छन् । उनलाई राजबन्दीका रूपमा स्थापित गराउन रास्पवाले अभियान नै सुरु गरेको छ । लामिछाने कैदीबन्दी हुन् कि राजबन्दी हुन् ? भन्ने विषयमा धेरैजसो मान्छेहरू अझै भ्रममा छन् ।

### अपराधको राजनीतिकरण

हाम्रो देशको मुख्य समस्या भनेकै राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण गरिनु हो । साविकका पुराना दलहरूको राजनीतिभित्र अपराधीकरण हावी भयो । जनताले विकल्प खोज्दै नयाँ दलका रूपमा रास्वपालाई स्थापित गराए । तर रास्वपाले अपराधलाई राजनीतिकरण गर्ने चेष्टा अघि बढाएको छ । सहकारी ठगी विशुद्ध अपराध हो । राजनीतिमार्फत यो अपराध ढाक्ने कोशिसले क्षणिक रूपमा सफलता प्राप्त त गर्ला तर दीर्घकालीन हुँदैन । अदालतबाट निर्दोष प्रमाणित हुने पर्खाइमा रहनुको सट्टा अदालतलाई नै चुनौती दिनु राजनीति होइन ।

यदि प्रतिशोध नै हो भने पनि प्रतिकारको शैली त्यसै अनुरूप हुनुपर्छ । प्रतिस्पर्धी दलहरूले प्रतिशोध लिन खोज्नु आश्चर्य होइन, तर न्यायालयले प्रतिशोध लिँदैन । न्यायालयले समेत प्रतिशोध लिन्छ भन्ने मान्यता राख्नेहरू लोकतन्त्रप्रति इमानदार हुनै सक्दैनन् । यस्तो मान्यता राख्नेहरूले लोकतन्त्र जोगाउन पनि सक्दैनन् । उदाहरणका लागि लामिछाने गृहमन्त्री हुँदा सहकारी ठगीविरुद्ध अली धेरै समाचार लेख्ने मिडिया सञ्चालकलाई ठाउँको ठाउँ ठाडो पक्राउ गरी थुनामा राखेको धेरैलाई याद छ ।

जेलमा पर्नु भनेको सबैथोक सकिनु पनि होइन । भगवानका रूपमा पुजिएका श्रीकृष्ण स्वयं आमाको गर्भमा छँदै कंशको कारागारमा थुनिएका थिए । कारागारमै जन्मेका थिए । कृष्णले आफ्नो लामो जीवनयात्रामा युगान्तकारी महत्त्वका काम पनि धेरै गरे । धेरै दम्भी राजा महाराजाहरूको दम्भ कुच्याए । कंशलाई मृत्युदण्ड दिए । पाण्डव पक्षबाट महाभारतको युद्ध सञ्चालन नै गरे । युद्धको मैदानमा उदास अर्जुनलाई हौसला दिन गीता सुनाए । विश्वरूप देखाए । मान्छेको रूपमा जन्मेर पनि भगवान् कहलाए ।

बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, रामनारायण मिश्र, दिवानसिंह राई, योगेन्द्रमान शेरचन, पुष्पलाल, मनमोहन अधिकारीहरूले आफूले कष्ट बेहोरेर भए पनि राजनीतिको एउटा किल्ला तयार गरेका थिए । तर दोस्रो पुस्तामा भने ठुलो स्खलन देखियो । कंशको जेल बसेकाहरू कालान्तर मा आफैँ कंशमा रूपान्तरण भएको तीतो यथार्थ नेपालमा छ ।

यति मात्रै होइन पछिल्ला दिनमा नेपाली राजनीतिमा अपराधीहरूको प्रवेश बढेको छ । जनता झुक्याउन अपराधीहरू अली बढी खप्पिस हुन्छन् । शालीन खालका राम्रो छवि भएका नेता मुलुकमा नभएका होइनन्, तर पछिल्ला दिनमा उनीहरूसमेत अपराधीको निकट हुन थालेका छन् । हुँदाहुँदा कैदी बन्दीलाईसमेत राजबन्दीमा रूपान्तरण गर्ने प्रयास हुन थालेको छ ।

**“सत्यलाई दबाउन सकिन्छ, तर हराउन सकिँदैन ।”**

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

# नेपालमा योग्य मान्छेहरूको अभाव भइसक्यो : पूर्वअर्थमन्त्री महत

**बिगूल समाचार**
**२९ साउन २०८२**

काठमाडौं । पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेस सांसद डा. प्रकाशशरण महतले नेपालमा योग्य मान्छेहरूको अभाव भएको बताएका छन् । बुधवार अर्थ समितिको बैठकमा बोल्दै महतले नेपालमा योग्य मान्छेहरूको अभाव भइसकेकाले गम्भीर हुनुपर्ने बेला आएको बताएका हुन् ।

पूर्वअर्थमन्त्री समेत रहेका महतले भने, 'हामीले धेरै कुरा भावनामा बगेर गरेका छौं । यो पीआर हुने बित्तिकै नेपालमा जागिर खान तीन महिना अघि नै छाड्नुपर्ने यी सबै बकवास हुन् । इन्डियामा रघुरमन गभर्नर थिए । उनीसँग अमेरिकाको पिआर नै थियो । उनले गभर्नर छाडेपछि फेरि अमेरिका पढाउन गए । पीआर भनेको केही होइन । पीआर भनेको त्यहाँको काम गर्न दिइएको सुविधा हो । त्यो भन्दा अरू केही पनि होइन । त्यहाँको नागरिकता होइन त्यो । त्यहाँको नागरिक बनिने होइन । त्यहाँ कुनै राजनीतिक अधिकार हुँदैन । तर पनि हामीले यसलाई पहाड जस्तै ठान्यौं ।'

उनले सार्वजनिक पद धारण गर्न तीन महिना अघि नै विदेशी पीआर छाडिसक्नुपर्ने व्यवस्था ठिक नभएको बताए । महतका अनुसार तीन महिना अगावै नेपालमा पीआर छाडेर आउनेलाई कामको ग्यारेन्टी नेपाल सरकारले गर्न सक्नुपर्छ । काम पनि नभए यत्तिकै मान्छे पीआर छाडेर आउन तयार नहुने उनको भनाई छ ।

# बाजुरामा ट्याक्टर दुर्घटना
## एक जनाको घटनास्थलमै मृत्यु

**बिगूल समाचार**
**२९ साउन २०८२**




बाजुरा । बाजुराको स्वामिकार्तिक खापर गाउँपालिकामा आज (सोमबार) दिउँसो एक ट्याक्टर दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ भने अर्को एक व्यक्ति घाइते भएका छन् । दुर्घटनापछि ट्याक्टर चालक र अर्को एक यात्रु फरार भएका छन् ।

प्रहरीका अनुसार, आज अपरान्ह ४:५० बजेतिर स्वामिकार्तिक खापर गाउँपालिका-१, बर्कु स्थित पिलुचौर-साप्पाटा भित्री कच्ची सडक खण्डमा उक्त दुर्घटना भएको हो ।

जोरु भन्ने स्थानबाट स्याउ बोकेर पिलुचौरतर्फ जाँदै गरेको नम्बर नखुलेको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब ३५० मिटर तल खसेको थियो ।

दुर्घटनामा परी ट्याक्टरमा सवार स्वामिकार्तिक खापर गाउँपालिका-१, बर्कु निवासी २७ वर्षीय पदम बुढाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, दुर्घटनामा सोही गाउँपालिकाको वडा नं. ३, जुकु बस्ने अन्दाजी ३५ वर्षीय लोकेन्द्र रोकाया घाइते भएका छन् । उनको कान र ढाडमा चोट लागेको र हाल बर्कु स्वास्थ्य चौकीमा उपचार भइरहेको छ । उनको अवस्था मध्यम रहेको बताइएको छ ।

दुर्घटनाग्रस्त ट्याक्टरमा चालकसहित ४ जना सवार रहेको खुलेको छ । दुर्घटना लगत्तै ट्याक्टर चालक, स्वामिकार्तिक खापर-४, छापु बस्ने अन्दाजी २४ वर्षीय रवीन्द्र नाथ र अर्का एक नाम थर नखुलेका यात्रु फरार भएका छन् ।

घटनाको खबर पाए लगत्तै इलाका प्रहरी कार्यालय, स्वामिकार्तिकबाट प्रहरी नायब निरीक्षकको कमाण्डमा ३ जनाको टोली घटनास्थल पुगेको थियो ।

फरार रहेका चालक र अर्का एक यात्रुको खोजी कार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय बाजुराले जानकारी दिएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।


## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मण्लिेक, डडेल्धुरा


## डडेल्धुरा अस्पताल डडेल्धुरा
### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्धारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्धारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्धार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्धारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा

# उद्योगीलाई बक्यौता छुट दिने सरकारी तयारी, अख्तियारको छानबिन सुरु

**बिगूल समाचार**
**२९ साउन २०८२**

लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ घण्टासम्म विद्युत् उपयोग गरेका तर वर्षौंसम्म प्रिमियम महसुल नतिरेका उद्योगीलाई बक्यौता छुट दिने सरकारी प्रयास फेरि सुरु भएको छ। करिब आठ अर्ब रुपैयाँ बराबरको बक्यौता माफ गर्न विद्युत् वितरण विनियमावली संशोधन गरी प्रक्रिया अघि बढाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको हो ।

तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङको कार्यकालमा उद्योगीको बक्यौता उठाउने प्रयास सफल नभएपछि, उनलाई पदबाट हटाएपछि सरकारले २०७८ को विनियमावली संशोधन गर्दै 'प्रशासकीय पुनरावलोकन' प्रक्रियामा धरौटी रकम २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशत मात्र राख्ने व्यवस्था मिलाएको हो । यसबाट उद्योगीलाई बक्यौता पुनरावलोकनका लागि सहजता भएको छ ।

ऊर्जामन्त्री दीपक खड्काको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिले जेठ मसान्तसम्म पुनरावलोकनको आवेदन दिन समय दिएकोमा ४६ उद्योगले निवेदन दिएका छन्। यद्यपि, अख्तियारमा उजुरी परेपछि आयोगले २९ असारमा १५ दिनभित्र सम्पूर्ण विवरण पेश गर्न निर्देशन दिएको थियो । तर, प्राधिकरणले पत्र नै ढिलो दर्ता गरी ३२ दिनपछि मात्र कागजात बुझाएको छ, जसले ढाकछोपको आशंका बढाएको छ ।

अख्तियारको पत्रमा सञ्चालक समिति र पुनरावलोकन समितिका निर्णयका प्रमाणित प्रतिहरू मागिएका थिए । यो विवाद हाल सर्वोच्च अदालतमा पनि विचाराधीन छ ।

यो विषयमा बनेको 'प्रशासनिक पुनरावलोकन समिति' भने लगातार अलपत्र छ । सदस्यसचिव बन्नेहरू एकपछि अर्को गर्दै जिम्मेवारी लिन अस्वीकार गर्दै आएका छन् । अख्तियारको छानबिनको डर देखाउँदै कानुन विभागका निर्देशकदेखि उपनिर्देशकसम्म समितिमा बस्न मानेका छैनन्। यसले काम अघि नबढेपछि मन्त्री खड्काले बैठकमै कारबाहीको चेतावनी दिएका छन् ।

लोडसेडिङका वर्षहरूमा डेडिकेटेड फिडर र ट्रंकलाइन प्रयोग गर्ने उद्योगीबाट ६५ प्रतिशत प्रिमियम शुल्क असुल्ने प्रावधान भए पनि धेरैले भुक्तानी नगरी अटेरी गरेका छन् । केही उद्योगीले तोकिएको २४ घण्टा विद्युत् आपूर्ति सर्त नपुगेका आधारमा बक्यौता घटाउन सरकार अघि सरेको आरोप छ । विगतमा लाल आयोगको प्रतिवेदन र मन्त्रिपरिषद्को निर्णयलाई आधार मानेर बक्यौता घटाउने चलखेल भइरहेको र यसबाट उद्योगीको हितमा ठूलो रकम माफ हुने आशंका गरिएको छ ।

## आलितालमा शिवको मूर्ति राख्ने विषयमा विवाद, अध्यक्षको प्रतिक्रिया

**बिगूल समाचार**
**२९ साउन २०८२**

डडेल्धुरा । डडेल्धुराको आलिताल गाउँपालिकामा केही दिनदेखि शिवको मूर्ति राख्ने विषयलाई लिएर विवाद चुलिएको छ ।

पालिका अध्यक्ष शेरसिंह पार्कीले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै मूर्ति राख्ने र श्रमदान सम्बन्धी गतिविधिमा स्थानीय सरोकारवाला तथा पालिकासँग समन्वय आवश्यक रहेको स्पष्ट पारेका छन् ।

अध्यक्ष पार्कीका अनुसार, आलिताल धार्मिक आस्था बोकेको पर्यटकीय क्षेत्र भएकाले यहाँ कुनै पनि संरचना स्थापना गर्नुअघि सबै सरोकारवालासँग सल्लाह-सुझाव लिनुपर्नेमा महेन्द्र पुनमगरले पालिकालाई जानकारी नदिइ मूर्ति राख्ने प्रयास गरेको बताइएको छ । "श्रावण २४ गते मात्र म अन्य स्रोतबाट यसबारे जानकारी पाएँ र तत्पश्चात पुनमगर तथा हरिलाल थापालाई बोलाएर पालिकामा छलफल गरियो," पार्कीले भने

उक्त छलफलमा स्थानीय सरोकारवाला र पालिकाको सहमतिमा मात्र अघि बढ्ने निर्णय भए पनि, भोलिपल्ट पुनमगरले सामाजिक सञ्जालमार्फत 'ठूलो षड्यन्त्र हुँदैछ' र 'पालिकाले मूर्ति राख्न दिएन' भन्ने भ्रामक प्रचार गरेको अध्यक्ष पार्कीको आरोप छ । पार्कीले पुनमगरलाई "तथ्यहीन र भ्रम फैलाउने गतिविधि रोक्न" आग्रह गर्दै,



यदि श्रमदान वा कलात्मक योगदान गर्न चाहेको खण्डमा पालिकासँग सहमति गरेर प्राथमिकता तोकी काम गर्नुपर्ने बताए । उनले आलितालमा डुंगा व्यवस्थापन र पार्क निर्माण आवश्यक रहेको उल्लेख गर्दै, यसका लागि पालिकाले यस आर्थिक वर्ष ७० लाख रुपैयाँ बजेट छुट्याइसकेको जानकारी दिए ।

अध्यक्ष पार्कीले मूर्ति स्थापना वा श्रमदानको नाममा राजनीतिक टिप्पणी गर्दै भ्रम फैलाउने कार्यलाई "निन्दनीय र घृणित" भन्दै रोक लगाउन आग्रह गरे। लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता भए पनि त्यसको दुरुपयोग गरेर अरुलाई बदनाम गर्ने अधिकार कसैलाई नभएको उनको भनाइ छ। आलिताल गाउँपालिका धार्मिक तथा प्राकृतिक सुन्दरतालाई संरक्षण गर्दै पर्यटकीय आकर्षण बढाउने योजनामा रहेको छ । यहाँ वर्षेनी आन्तरिक तथा बाह्य पर्यटकहरूको भीड लाग्ने गर्दछ ।

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- **बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।**
- **प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।**
- **गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।**
- **नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।**
- **कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।**
- **स्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

**वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार**
**वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।**

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- **बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।**
- **शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।**
- **जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।**
- **स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।**
- **सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।**
- **बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।**
- **व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।**
- **लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।**

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा